# शहिद लखन गाउपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## घैरुङ, गोरखा
## २०७३ गण्डकी प्रदेश, नेपाल

# आ.व.2076/077 को ढुंगा, गिट्टी, बालुवा, ग्राभेल उत्खनन् गरी बिक्री गर्ने कार्यको शिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना

(तेस्रो पटक प्रकाशित मिति २०७६ फाल्गुण १६ गते )

1. शहिद लखन गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट स्थानीय सरकार सञ्चालन ऐन, 2074 को पच्छेद-९, दफा ६४ को उपदफा १ को (च),प्रदेश आर्थिक ऐन २०७५ प्रदेश सरकारबाट स्वीकृत ढुङ्गा/गिट्टी/वाल'वा, माटो,दहत्तर वहत्तर, लगायतका प्राकृतिक स्रोतको उत्खन्न,संकलन प्रशोधन विक्रिवितरण तथा क्रसर उद्योग व्यवस्थापन र संचालन कार्यविधि २०७५, समेतका अधारमा यस शहिद लखन गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको निर्णयानुसार प्राकृतिक श्रोत कर असुली सम्बन्धी कार्य आ.व. 2076/077 को लागि ठेक्काद्वारा गराउन यो सूचना मामप्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानूनी प्रक्रिया पूरा गरेको ईच्छुक फर्मरकम्पनीहरुले बोलपत्र खरिद गरी देहायको मिति र समय भित्र शिलबन्दी बोलपत्र यस कार्यालयमा पेश गर्नुहुन सुचीत गरिन्छ।अन्य थप जानकारीको लागि यस गाउँपालिकाको सूचनापाटी, वेभसाइट www.shahidlakhanmun.gov.np तथा कार्यालय समय भित्र यस गाउँपालिकाको कार्यालय राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ।

2. ढुंगा, गिट्टी, बालुवा, ग्राभेल आदि प्राकृतिक श्रोतको उपयोगमा लिईने करको ठेक्का विवरण

| क्र.सं. | ठेक्का नं. | विवरण | अधिकतम परिमाण (घनफीट) | न्यूनतम अंक ( मु. अ. कर र अग्रिम आय कर बाहेक) | शिलबन्दी बोलपत्र फाराम दस्तुर (रु.) | धरौटी रकम | शिलबन्दी बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति र समय | शिलबन्दी बोलपत्र फारम पेश गर्ने अन्तिम मिति र समय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | SLRM/GO/KARANTARGHAT/NCB/076-077/02(RE) | शहिद लखन गाँउपालिका, वडा नं.३, क्षेत्र भएर मर्स्याङ्गदी नदीको करन्टारघाटको ढुङ्गा/गिट्टी/वालुवा | १,२६,४८१/२४८ | ४,४२,६८४/३७ | १००० मात्र | कबुल अंकको ५ प्रतिशत | १५ औ दिन कार्यालय समय सम्म | १७ औ दिन दिउँसो १२:०० बजे सम्म | १६ औ दिन शनिवार विदा . |
| २ | SLRM/GO/THEUTARGHAT/NCB/076-077/03(RE) | शहिद लखन गाँउपालिका,वडा नं.४, क्षेत्र भएर त्रिशुली नदीको ठेउवाटार-२,घाटको ढुङ्गा/गिट्टी/वालुवा | २,६६,१४४.५७४ | ७,९८,४३३/७२ | १००० मात्र | कबुल अंकको ५ प्रतिशत | १५ औ दिन कार्यालय समय सम्म | १७ औ दिन दिउँसो १२:०० बजे सम्म | १६ औ दिन शनिवार विदा . |
| ३ | SLRM/GO/BUDHIGANDKIGHAT/NCB/076-077/04(RE) | शहिद लखन गाँउपालिका, वडा नं.९, क्षेत्र भएर बुढीगणडकी नदीको बुङ्गकोटघाटको ढुङ्गा/गिट्टी/वालुवा | २,६७,६७४.१४ | १०,७०,६९६/५६ | १००० मात्र | कबुल अंकको ५ प्रतिशत | १५ औ दिन कार्यालय समय सम्म | १७ औ दिन दिउँसो १२:०० बजे सम्म | १६ औ दिन शनिवार विदा . |
| ४ | SLRM/GO/DOVANGHAT/NCB/076/077/05(RE) | शहिद लखन गाँउपालिका, वडा नं.१, क्षेत्र भएर बग्ने लुदी खोलाको दोभानघाट ढुङ्गा/गिट्टी/वालुवा | २७,५७८।५५ | १,१०,३१४।२० | १००० मात्र | कबुल अंकको ५ प्रतिशत | १५ औ दिन कार्यालय समय सम्म | १७ औ दिन दिउँसो १२:०० बजे सम्म | १६ औ दिन शनिवार विदा . |

**शिलबन्दी बोलपत्र सम्बन्धी शर्तहरुः**

१. बोलपत्र फाराम खरिद गर्दा निवेदन सहित फर्म वा कम्पनीहरुले व्यवसाय दर्ता प्रमाण पत्र, नविकरण भएको इजाजत पत्रको प्रमाणित फोटोकपी, नेपाली नागरीकताको प्रमाणित फोटोकपी र स्थायी लेखा नं.र मु.अ. करको प्रमाण पत्र तथा आर्थिक वर्ष २०७५/०७६ को कर चुक्ताको फोटोकपी नोटरी पब्लीकबाट प्रमाणित प्रतिलिपी पेश गर्नुपर्नेछ। यस कार्यालयबाट प्रमाणित भएको शिलबन्दी बोलपत्र फाराम शिलबन्दी बोलपत्रदाता स्वयम् वा रितपूर्वक लिखित वारेस पठाई तोकिएको दस्तुर बुझाई खरिद गर्नु पर्नेछ।

२. बोलपत्र फाराम भरी पेश गर्दा बोलपत्र खरीद वापतको रकम यस कार्यालयको प्राइम कमर्शियल बैंक लि. शहिद लखन शाखामा रहेको कोष खाता नं. ०५८०००२६ CA वा बोलपत्र फाराम खरिद गरेको नगदी रसिद र आफुले कबुल गरेको रकम अंक र अक्षरमा प्रष्टसंग लेखी कबोल अंकको कम्तिमा ५ प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको प्राइम कमर्शियल बैंक लि. शहिद लखन शाखामा रहेको धरौटी खाता नं. ०५८०००२७CA मा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकवाट मान्यता प्राप्त क वर्गको बैकले यस कार्यालयको नाममा जारी गरेको सोही रकम बराबरको क्र.सं.१ देखि ४ सम्म को लागि कम्तीमा ७५ दिन म्याद भएको बैंक जमानी पत्र (बिड वण्ड) बोलपत्र फाराम सक्कल बैंक भौचर सहित पेश गर्नु हुन सुचीत गरिन्छ। यस कार्यालयमा रितपुर्वक दर्ता भएका बोलपत्रहरु १७ औं दिन दिनको १:०० बजे,यस कार्यालय घैरुङ्गमा बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ, बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सो बोलपत्र खोल्न बाधा पर्ने छैन शिलबन्दी बोलपत्र स्वीकृत भएपछि सुचना पाएको मितिले ७ दिन भित्र नियमानुसार आयकर/मु.अ. कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि साथै लिई सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ। सो अवधि भित्र सम्झौता गरि पट्टा नउठाएमा धरौटी रकम जफत गरिनेछ र दोस्रो शिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुनस्च शिलबन्दी बोलपत्र आह्वान गर्ने वा नगर्ने अधिकार नियमानुसार यस कार्यालयमा सुरक्षित रहनेछ।

३. स्वीकृत ठेक्का अंकलाई २ (दुई) किस्तामा विभाजन गरिनेछ। पहिलो किस्ता ६० % सम्झौताको बखत दाखिला गरी बाँकी ४०% को हकमा जमानत वापत नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको बैंकबाट २०७७ असाढ मसान्त सम्म मान्य हुने बैंक ग्यारेन्टी (परफमेन्स वण्ड) समझौता भएको मितिले ७ दिन भित्र पेश गर्नुपर्नेछ। बाँकी ४०% रकम २०७६ साल वैशाख मसान्त सम्म नियमानुसार बुझाईसक्नु पर्नेछ। ठेक्का सम्झौता गर्दा धरौटी पेश गरेको रकमलाई किस्ता भुक्तानी गर्दा समावेश गर्न पाईने छैन।

४. ठेक्का सम्झौता गर्दा कबोल अंकको मु.अ.कर (VAT)१३% र अग्रीम आयकर बापतको १.५% रकम थप गरी कुल सम्झौता रकम कायम गरिनेछ।

५. स्वीकृत ठेक्का अंकको पुरै रकम सम्झौताको बखत एकमुष्ट बुझाउन चाहेमा औचित्य हेरी बढिमा ५ प्रतिशत सम्म छुट दिन सकिनेछ।तर नियमानुसार लाग्ने करमा भने छुट दिइने छैन।

६. शुल्क उठाउने रसिद ठेक्काको शिर्षक उल्लेख गरि ३/३ प्रति भएको रसिद ठेकेदारले आफ्नै तर्फबाट छपाई कार्यालयको छाप लगाई कार्यालयमा रसिद नं. दाखिला गरेर मात्र कर दस्तुर उठाउने प्रयोगमा ल्याउनु पर्नेछ।

७. कुनै शर्त राखी पेश गरेको, हुलाक मार्फत पठाएको रित नपुगेको शिलबन्दी बोलपत्र माथि कुनै कारवाही गरिने छैन।

८. पेश भएका शिलबन्दी बोलपत्रहरु स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

९. ढुंगा, गिट्टी, बालुवा उत्खनन, संकलन तथा बिक्री सम्बन्धमा केन्द्रिय अनुगमन समिति, प्रदेश स्तरीय अनुगमन समिति, जिल्ला समन्वय अनुगमन समिति एवम् गाउँपालिका स्तरीय अनुगमन समितिबाट निर्देशन भए बमोजिम हुनेछ।

१०. शहिद लखन गाउँपालिकाको व्यक्तिगत तथा निषेधित क्षेत्र बाहेकका नदी दायाँ बायाँ किनारको ढुंगा, गिट्टी, बालुवा जस्ता नदीजन्य पदार्थ उपयोग तथा बिक्री कर तोकिएको डिपोबाट अशुल हुनुपर्ने छ। तर नदी नालाको पुल तल माथि दुवैतर्फ ५०० मिटरसम्म नदिजन्य पदार्थ उत्खनन् तथा संकलन गर्न पाइने छैन।

११. प्राकृतिक साधन उपयोग तथा बिक्री शुल्क लिदाँ यस कार्यालयले तोकेको दररेटमा मात्र संकलन गर्नुपर्नेछ।

१२. ढुंगा, गिट्टी, बालुवाको उत्खनन् तथा ढुवानी कार्य सुर्यास्त देखी सूर्योदय नहुँदासम्म गर्न पाईने छैन।

१३. प्राकृतिक श्रोत साधन ओसारपसार गर्दा निश्चित तोकिएको एउटा मात्रै बाटो प्रयोग गर्नु पर्नेछ तथा निकासीका लागि प्रयोग गरिएको बाटो गाउँ कार्यपालिकाको कार्यालयको निर्देशनमा बोलपत्र दाताले मर्मत सुधार गर्नुपर्नेछ।

१४. ढुवानी साधनले बहन गर्न पाउने तौल भन्दा बढी तौल राखी वा न्यून बिल काटी ढुवानीका साधन सडकमा गुडाउन, र ढुंगा, गिट्टी, बालुवा पानी चुहाएर वा नछोपी खुल्ला रुपले ढुवानी गर्न पाइने छैन।

१५. उत्खनन् गरिएको नदिजन्य पदार्थ नदी किनारा वा सार्वजनिक चौरमा घाटगद्दी गर्न पाइने छैन, त्यसका लागि शिलबन्दी बोलपत्र दाताले आफ्नो अलग्गै जग्गाको व्यवस्था गर्नु पर्नेछ।

१६. कुनै पनि बन्द, हड्ताल, प्राकृतिक प्रकोप तथा सडकको आदि कारण देखाइ छुट वा मिनाहाको दावी गर्न पाइने छैन। नदीजन्य पदार्थ उत्खनन, संकलन तथा ढुवानी गर्दा कुनै विवाद उत्पन्न भएमा बोलपत्र दाता स्वयंले व्यवस्थापन गर्नुपर्नेछ।

१७. बोलपत्रदाताले आफू निकासी गरेको परिमाणको विक्री वितरण अनिवार्य रुपमा गाउँपालिकामा मासिक रुपमा पेश गर्नुपर्नेछ अन्यथा कानूनी प्रकृया अपनाइने छ .

१८. घाटसम्म जाने बाटोको निकास आफै व्यवस्थापन गर्ने जीम्मेवारी स्वयं बोलपत्रदाताको हुनेछ .

१९. यो ठेक्कासंग सम्बन्धित सम्पूर्ण सरोकारवालाहरुको सुविधाको लागि क्र.सं. १ देखि ४ सम्म को लागि सूचना प्रकाशित मितिको ११ औं दिन प्रि. विड बैठक राखिनेछ।

२०. बोलपत्रदाताले आफू निकासी गरेको परिमाणको विक्री वितरण अनिवार्य रुपमा गाउँपालिकामा मासिक रुपमा पेश गर्नुपर्नेछ अन्यथा कानूनी प्रकृया अपनाइने छ .

२१. सम्मानित अदालत, नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाको नीति, निर्देशन तथा आदेशको पालना गर्नु गराउनु र लागु गर्नु ठेकेदारको कर्तब्य एवं दायित्व हुनेछ। नीति निर्देशन वा अदालतको आदेशको पालनाको कारणबाट कुनै क्षति, हानि नोक्सानी हुन गएमा सो को क्षितिपूर्तिको दायित्व ठेकेदारले गाउँपालिकासँग दाबि गर्न पाउने छैन।

२२ माथि उल्लेखित शर्तहरु उल्लङ्घन गरेमा वा तोकिएको म्याद भित्र नबुझाएमा कार्यालयको तर्फबाट ठेक्का तोडी बाँकी रहेको किस्ता बैंक ग्यारेन्टीबाट अशुल उपर गर्ने गरी कानूनी प्रकृया अपनाइने छ। साथै अशुल गर्न बाँकी रकममा १० प्रतिशत थप क्षतिपूर्ति समेत जोडी सरकारी बाँकी सरह अशुल उपर गरिनेछ।

२३. यस सूचनामा उल्लेख भएको विषय यसै सूचना बमोजिम र यस सूचनामा उल्लेख नभएको हकमा प्रचलित ऐन, नियम, कार्यविधि, जिल्ला समन्वय समितिको कार्यालय गोरखाबाट स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण (IEE)प्रतिवेदन 2075 बमोजिम हुनेछ। प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन 2075 का प्रावधानहरुको व्याख्या गर्ने अधिकार शहिद लखन गाउँपालिकामा सुरक्षित रहनेछ।

प्रमुख प्रशासकिय अधिकृत

दरौंदी प्रकाशन समूहका लागि अध्यक्ष : किशोरजंग थापा द्वारा प्रकाशित, सम्पादक : शिव उप्रेती, कार्यालय : गो.न.पा. ६ शक्तिचोक गोरखा, फोन : ०६४४२१५१०, daraundidaily@gmail.com, Website : www.daraundi.com मुद्रक : गोरखकाली अफसेट प्रेस गो.न.पा. -६ पाटेचौर, गोरखा। फोन : ०६४४२१३२३, ९८५६०७०३७५